नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(झापा फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :- ०७६/७७
चलानी न. :- ८४२९

मिति :- २०७७/०२/३०

**विषय :-** मन्त्रिपरिषद्को निर्णय कार्यान्वय सम्बन्धमा ।

श्री जिल्ला स्थित सरकारी कार्यालयहरु (सबै)
झापा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/६५०९ मिति २०७७/०२/२८ गतेको पत्र मार्फत प्राप्त कोभिड -१९ सम्बन्धी म.प.बै.सं.१६/०७७, मिति २०७७/०२/२८ को मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन भनी गृह मन्त्रालयको च.नं. ४१५२ मिति २०७७/०२/२९ गतेको पत्रबाट लेखी आए बमोजिम उक्त निर्णयहरु कार्यान्वयन गर्न यस जिल्लाको लागि मिति २०७७/०२/३० मा जारी सूचना यसै साथ संलग्न राखी पठाइएको छ । निर्णयको व्यहोरा सोही सूचनाबाट अवगत गर्नु भई प्रभावकारी रुपमा निर्णयहरु कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७७/०२/३०
(रेवन्त भट्टराई)
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(........................ फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६११७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :-
चलानी न. :-

मिति :- २०७७/०२/३०

## विषय :- सूचना

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको च.नं. मं.बै./३२१/६५०९ मिति २०७७/०२/२८ गतेको पत्र मार्फत प्राप्त कोभिड -१९ सम्बन्धी म.प.बै.सं.१६/०७७, मिति २०७७/०२/२८ को मन्त्रिपरिषद्‌को बैठकले गरेको देहाय बमोजिमका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन भनी गृह मन्त्रालयको च.नं. ४१५२ मिति २०७७/०२/२९ गतेको पत्रबाट लेखी आएकाले सो निर्णयहरु सम्बन्धित सबैले प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड -१९ को संक्रमण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार देहाय बमोजिम गर्ने गराउने ।

१. **देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने :**
   - क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)
   - ख) अनुमति प्राप्त बाहेकका अन्तराष्ट्रिय तथा आन्तरिक उडानहरु
   - ग) तोकिए बाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत
   - घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार
   - ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन
   - च) सिनेमा हल, पार्टि प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल
   - छ) सार्वजनिक पुस्तकालय, सङग्रहालय, चिडियाखाना
   - ज) स्पा, सैलुन तथा ब्युटी पार्लर
   - झ) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब
   - ञ) सपिङ मल
   - ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती
   - ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल
   - ड) यात्रुबाहक सार्वजनिक सवारी साधनसवारी साधन (पर्यटक सवारी साधनसमेत)
   - ढ) झापा जिल्लाको हकमा यस जिल्ला भित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन

२. **दुई मिटरको सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्ने ।**
   - क) स्वास्थ्यसंग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत)
   - ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय(उत्पादन देखि बिकी वितरणसम्मका सबै श्रृङ्खला)
   - ग) उद्योग, व्यापार, व्यवसाय, पसल डिपार्टमेन्ट स्टोर
   - घ) सबै प्रकारका ढुवानी
   - ङ) पैदल आवगमन
   - च) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी)

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा
(.............................. फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :-
चलानी नं. :-

मिति :- ..............................

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय झापा

विषय :-

छ) झापा जिल्लाको हकमा जोर गतेका दिन जोर नम्बर भएका निजी सवारी साधन र बिजोर गतेका दिन बिजोर नम्बर भएका निजी सवारी साधन संचालन गर्न पाइने तर सवारी साधनमा चालक बाहेक थप दुई जना सम्म मात्र यात्रा गर्न सकिनेछ ।

ज) फोहरमैला व्यवस्थापन

झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण हुलाकसम्बन्धी सेवा

ञ) बैंक तथा बित्तीय संस्था, सहकारी र बीमा सेवा

ट) नर्सरी र वनजन्य उद्यम

ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत)

ड) निर्माण कार्य (निजीसमेत)

ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन संकलन, ढुवानी र बिक्री बितरण

ण) रेष्टुरेष्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा

त) क्वारेन्टिनका लागि तोकिएको होटल र यातायातका साधन

थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा संचालन गर्ने ।

द) सार्वजनिक तथा जोर बिजोर प्रणालीमा संचालन हुने गरी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

तर यो सूचनाको क्रमसख्या २ को खण्ड (ञ), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि मात्र प्रारम्भ हुने र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ । परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लेखित व्यवस्थामा आवश्यक हेरफेर एवं घपघट गर्न सकिनेछ ।

२०७७/२/३०
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७६/०७७-६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४१९२

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७७।०२।२९

**विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**श्री प्रहरी महानिरीक्षकज्यू,**
**प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं ।**
**श्री सशस्त्र प्रहरी महानिरीक्षकज्यू,**
**सशस्त्र प्रहरी बल, नेपाल, हलचोक, काठमाण्डौं ।**
**श्री मुख्य अनुसन्धान निर्देशकज्यू,**
**राष्ट्रिय अनुसन्धान विभाग, वरफवाग, काठमाण्डौं ।**
**श्री प्रमुख जिल्ला अधिकारीज्यू,**
**जिल्ला प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/६५०९, मिति २०७७/०२/२८ गतेको पत्रमार्फत प्राप्त कोभिड-१९ सम्बन्धी मं.प.बै.सं. १६/०७७, मिति २०७७/०२/२८ को मन्त्रिपरिषद्को बैठकले गरेको देहाय बमोजिमका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

"विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार देहायबमोजिम गर्ने गराउनेः

१. देहायबमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्नेः-

(क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
(ख) अनुमतिप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरु,
(ग) तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
(घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
(ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
(च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
(छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना,
(ज) स्पा, सैलुन तथा ब्युटी पार्लर,
(झ) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब,
(ञ) सपिङ मल,
(ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
(ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
(ड) यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत),
(ढ) काठमाण्डौं उपत्यकाको हकमा काठमाण्डौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन

२. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्नेः-

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७६/०७७-६

प्राप्त पत्र संख्या र मितिः-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

च.नं.:-

(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत)

(ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला),

(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,

(घ) सबै प्रकारका ढुवानी,

(ङ) पैदल आवागमन,

(च) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी),

(छ) काठमान्डौं उपत्यकाको हकमा काठमाण्डौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्ला भित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन (चालकबाहेक थप २ जनासम्म मात्र सवार हुने),

(ज) फोहोरमैला व्यवस्थापन,

(झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,

(ञ) बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा,

(ट) नर्सरी र वनजन्य उद्यम,

(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत),

(ड) निर्माण कार्य (निजीसमेत),

(ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी र बिक्रीवितरण,

(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन,

(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने)

(द) सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरुको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागू गर्नुपर्नेछ । यस आदेशको क्रमसंख्या २ को खण्ड (ञ), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ । परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ ।"

२०७७।०२।२९

(गणेश तामाङ)
शाखा अधिकृत

**अवगतार्थः**
**माननीय गृह मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।**
**श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।**

**बोधार्थः**
**श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय**
**श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।**